घोडाघोडी स्थानीय राजपत्र

# घोडाघोडी नगरकार्यपालिकाको कार्यालय द्वारा प्रकाशित

सुखड, कैलाली ७ नं. प्रदेश, नेपाल

| भाग २ | वर्ष १ | अंक ६ | २०७४ माघ २५ गते, विहिवार |
|---|---|---|---|

घोडाघोडी नगरकार्यपालिकाबाट मिति २०७४।९।२६ मा स्वीकृत भएको शिक्षा राहत कोष खर्च कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम सार्वजनिक जानकारीका लागि प्रकाशन गरिएको छ ।

## शिक्षा राहत कोष खर्च कार्यविधि २०७४

**प्रस्तावना :**

नेपालको संविधान २०७२ ले व्यवस्था गरेको सबै नागरिक लाई आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क प्रदान गर्ने व्यवस्थाको कार्यान्वयन तथा स्थानीय सरकारलाई प्रद्धत माध्यमिक तह सम्मको शैक्षिक व्यवस्थापन तथा नियमन कार्यलाई प्रभावकारी बनाउनुका साथै घोडाघोडी नगरपालिकामा वसोवास गर्ने असहाय,टुहुरा,विपन्न,पिछडिएका समुदाय तथा जेहेन्दार वालवालिकाहरुको शैक्षिक स्तर वृद्धि गरि वालवालिकाहरुलाई नियमिति रुपमा विद्यालयमा गई शिक्षा आर्जन गर्ने वातावरण तयार पार्न र शिक्षामा सबैको पहुँच सुनिश्चितता गरि गुणस्तरीय शिक्षा प्रदान गर्न यो शिक्षा राहत कोष खर्च कार्यविधि २०७४ तयार गरिएको हो ।

### परिच्छेद १

**संक्षिप्त नाम र प्रारम्भ**

१. यो कार्यविधिको नाम शिक्षा राहत कोष खर्च कार्यविधि २०७४ रहने छ ।

२.कार्यविधि स्वीकृत भए पश्चात यसै आर्थिक वर्षवाट घोडाघोडी नगरपालिकामा लागु हुनेछ ।

### परिच्छेद २

**परिभाषा र व्याख्या**

विषय र प्रसंगले अर्को अर्थ नलागेमा,

१.नगरपालिका भन्नाले “घोडाघोडी नगरपालिका”लाई जनाउँछ ।

२. शाखा भन्नाले “शिक्षा शाखालाई जनाउँछ ।

३. कोष भन्नाले “शिक्षा राहत कोष” लाई जनाउँछ ।

### परिच्छेद ३

**शिक्षा राहत कोषका उद्देश्यहरु**

(क) असहाय, टुहुरा, विपन्न परिवारका जेहेन्दार वालवालिकाको शिक्षा प्राप्तीमा सहयोग गर्ने ।

(ख) विभिन्न खालका दैवि प्रकोपबाट आईपर्ने विपत्तिमा विद्यालय तथा विद्यार्थीलाई सहयोग गर्ने ।

### परिच्छेद ४

**छात्रवृति सम्वन्धि व्यवस्था :**

१. यस नगरपालिका स्थित सामुदायिक विद्यालयमा  माध्यमिक तह सम्म अध्ययनरत असहाय, टुहुरा, विपन्न परिवारको जेहेन्दार विद्यार्थी लाई छात्रवृति प्रदान गर्न गरिने ।

**विद्यालयलाई सहयोग :**

१. विभिन्न खालका प्राकृति प्रकोप मा परि विद्यालयको भौतिक संरचना क्षति भएमा र विद्यालयमा पठन पाठन अवरुद्ध भएमा तत्काल व्यवस्थापन कार्यका लागि विद्यालय लाई सहयोग गर्ने ।

## परिच्छेद ५

**कोष कार्यान्वयन प्रक्रिया  :**

१.यस नगरपालिकाका सामुदायिक विद्यालयमा अध्ययनरत असहाय, टुहुरा, आर्थिक रुपमा विपन्न परिवारका जेहेन्दार विद्यार्थी को  सम्वन्धित वडा कार्यालय र विद्यालयको सहयोगमा पहिचान गर्ने ।

२.असहाय तथा टुहुरा वालवालिकाको लागि आवश्यक पर्ने शैक्षिक सामग्री ( पाठ्यपुस्तक, कपि, पेन आदी) र विद्यालय पोषक को लागि सहयोग गर्ने ।

३.जेहेन्दार विद्यार्थीका लागि सामुदायिक विद्यालयमा अध्ययन गरेको र हाल अध्ययन गरिरहेको तल्लो कक्षामा  ( नगर स्तरमा सञ्चालन भएको परीक्षामा ) कम्तिमा ८० प्रतिशत अंक ल्याएको हुनु पर्ने ।

४.असहाय, टुहुरा, जेहेन्दार विद्यार्थी पहिचान गरि छात्रवृति प्रदान गर्ने देहाय बमोजिमको ३ जनाको समितिको रहने छ

संयोजक  :   नगर प्रमुख

सदस्य : नगर शिक्षा समितिले तोकेको सदस्य

सदस्य सचिव : शिक्षा शाखा प्रमुख

५.प्राकृतिक प्रकोपमा परि तत्काल सहयोग गर्नुपर्ने विद्यालयको स्थलगत अवलोकन गर्ने र बुँदा नं. ४ बमोजिमको समितिको निर्णयानुसार तत्काल पठन पाठन क्रियाकलाप सञ्चालन गर्न सकिने गरि सहयोग गर्ने ।

**कोषको संचालन**

१. शिक्षा राहत कोषको छुट्टै खाता सञ्चालन हुनेछ ।

२. नगरपालिकाबाट यस कोषका लागि छुट्याइएको रकम तोकिएको बैंकमा एकमुष्ठ रुपमा आर्थिक वर्षको सुरुमा जम्मा गर्नेछ ।

३.नगर शिक्षा समितिका अध्यक्ष तथा सदस्य सचिवको संयूक्त दस्तखतबाट उक्त कोष सञ्चालन गरिने छ ।

**छात्रवृति नपाउने अवस्था**

१.विद्यार्थीको विद्यालयमा उपस्थिती ८० प्रतिशत नभएमा ।

२.विद्यार्थी कक्षा अनुर्तिण भएमा ।

३.उमेर नपुग्दै विवाह गरेमा ।

४. विद्यार्थी आचारसंहिता उल्लंघन गरेमा ।

५.झुट्टा विवरण पेश गरेमा ।

## परिच्छेद ६

**विभिन्न निकायको भूमिका**

**(क) विद्यायको भूमिका :**

१.विद्यार्थीको विद्यालयमा उपस्थितिको वास्तविक अभिलेखका आधारमा प्रमाणित गर्ने ।

२.विद्यार्थीको शैक्षिक स्तर र शिक्षण सिकाईमा रहको सक्रियताको अवस्था बारे नगरपालिकालाई सिफारिस गर्ने ।

**(ख) वडा कार्यालय**

१. वालवालिकाको परिवारको आर्थिक अवस्थाको वास्तविक पहिचानका आधारमा सिफारिस गर्ने ।

२. आफ्नो वडाभित्रका असहाय, टुहुरा तथा आर्थिक रुपले विपन्न वालवालिकाहरुको नगरपालिकालाई सिफारिस गर्ने ।

**(ग) शिक्षा शाखा**

१. कोषको सचिवालयको रुपमा काम गर्ने ।

२.तोकिएको समितिको निर्णय कार्यान्वयन गर्ने ।

**परिच्छेद ७**

**विविध**

**सजाय सम्वन्धी व्यवस्था :**

१. गलत विवरण भर्न सहयोग गर्ने,त्यसलाई सिफारिस तथा प्रमाणित गर्ने व्यक्तिलाई नगरपालिकाले प्रचलित कानुन बमोजिम हदै सम्मको कारवाही गर्न सक्नेछ । साथै त्यस्ता व्यक्ति तथा सँस्थाहरुलाई नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधा प्रदान गरिने छैन ।

**अनुगमन सम्वन्धि व्यवस्था** :

१. आवश्यक परेमा समिति आफैले स्थतलगत अनुगमन गर्न सक्नेछ ।

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत

घोडाघोडी स्थानीय राजपत्र